इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, सुनसरी, नेपाल
स्था. २०७३

कार्यपालिका बैठक संख्या :- ८२
बैठक मिति :- २०७७०२।०५
अध्यक्षता: नगर प्रमुख श्री द्वारिकलाल चौधरी

**निर्णय नं. १**

प्रकोप व्यवस्थापन कोषको आम्दानी खर्च तथा संचित कोषको अवस्था र असार सम्मको अनुमानित खर्च र बैशाख सम्मको नगरपालिकाबाट भएको आम्दानी तथा खर्च सम्बन्धि विवरण माथि छलफल गरी जानकारी प्राप्त भयो ।

**निर्णय नं. २**

कोरोना भाईरसको संक्रमणबाट लाग्न सक्ने रोगबाट नागरिकहरुलाई सुरक्षित राख्न शंकास्पद व्यक्तिलाई क्वारेन्टाइनमा सुरक्षित तथा सुव्यवस्थित तरिकाले राखी त्यस्ता र समाज दुवैलाई सुरक्षित राख्न कोरोना भाईरस (COVID-19) सम्बन्धी क्वारेन्टाइन संचालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड, २०७६ बमोजिम क्वारेन्टाइन सुरक्षा व्यवस्थाका लागि इटहरी ५ स्थित जनता बहुमुखी क्याम्पसमा सिसि टिभी जडान गर्दा भएको खर्च रु. ५,७३,९००। (पाँच लाख त्रिहत्तर हजार नौ सय) अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ को रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकारले गरेको लकडाउनको कारण अति आवश्यक सेवा प्रदान गर्ने निकायमा कार्यरत बाहेकका अन्य कर्मचारीहरुलाई लकडाउनको समय घरमै रहनु भन्ने निर्णय भए बमोजिम करार तथा ज्यालादारी कर्मचारीहरु कार्यालयमा उपस्थित भई हाजिर हुन नसकेको हुँदा निजहरुको लकडाउन अवधिको समयलाई सार्वजनिक बिदा मानि तलब भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

नेपाल सरकारले गरेको लकडाउनको कारण असंगठित क्षेत्रमा कार्यरत मजदुरहरुलाई वडा/वडामा राहत वितरण गर्दा राहत वितरणमा खटिने अन्य कर्मचारीहरुलाई वडा कार्यालयको सिफारीसको आधारमा १५ (पन्ध्र) दिनको तलब स्केल बराबरको जोखिम भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५**

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को संक्रमण रोकथामका लागि मुलुक लकडाउनको अवस्थामा रहेको नेपालमा पनि दिनानुदिन संक्रमितको संख्या बढि रहेको हुँदा जनतासँग प्रत्यक्ष सम्पर्कमा रही काम गर्ने जनप्रतिनिधीहरु तथा कर्मचारीहरु समेत उच्च जोखिममा रहेको हुँदा त्यस्ता जोखिममा रहेका जनप्रतिनिधी तथा कर्मचारीहरुको स्वाब परिक्षण PCR प्रविधिबाट कोरोना जाँच परिक्षण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ को रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकारले गरेको लकडाउनको कारण अति आवश्यक सेवा प्रदान गर्ने निकायमा कार्यरत बाहेकका अन्य कर्मचारीहरु लकडाउनको समयमा घरमै रहनु भएको हुँदा मासिक १५ दिन भन्दा कम लकडाउनको



नि.प्रमुख प्रशासकीय अधिकृत

समयमा कार्यालयमा हाजिर हुने कर्मचारीहरुलाई मासिक रुपमा दिदै आएको खाजा भत्ता उपलब्ध नगराउने निर्णय गरियो ।

**निर्णय नं. ७**

जे.बि.टुहुरे फाउण्डेशनलाई संगित साधना केन्द्र सहित बहुउदेशिय भवन निर्माणका लागि इटहरी उपमहानगरपालिका वडा नं. १० आमभ्फोकीमा रहेको ऐलानी सार्वजनिक जग्गा मध्ये ०-१०-० जग्गा भोगाधिकार गर्न अनुमति प्रदान गर्न शहरी विकास तथा भवन कार्यालय, १ नं. प्रदेश, बिराटनगर समक्ष सिफारीस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

इटहरी उपमहानगरपालिकामा सुविधा सम्पन्न अस्पताल निर्माणका लागि इटहरी वडा नं. ११ मा रहेको ऐलानी सार्वजनिक जग्गा मध्ये ५-०-० विगाहा जग्गा भोगाधिकार गर्न अनुमति प्रदान गर्न प्रदेश तथा संघीय सरकार समक्ष सिफारीस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

इटहरी उपमहानगरपालिका वडा नं. ५ बराह टोलमा रहेको सार्वजनिक जग्गा मध्ये ०-१-० कठ्ठा जग्गा नेपाल पत्रकार महासंघ सुनसरी शाखालाई भवन निर्माण गरी भोगाधिकार गर्न अनुमती प्रदान गर्न प्रदेश तथा संघीय सरकार समक्ष सिफारीस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

नेपाल सरकारले गरेको लकडाउनको कारण असंगठित क्षेत्रमा कार्यरत मजदुरहरुलाई वडा/वडामा पहिलो तथा दोश्रो चरणको राहत वितरण गर्दा लागेको ढुवानी लगायत अन्य खर्चको भुक्तानी सम्बन्धमा पेश भएको बिल भरपाईको औचित्यको आधारमा नगरप्रमुखज्यूबाट निर्णय भई आए बमोजिम हुने गरी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ११**

इटहरी उपमहानगरपालिका वडा नं. १४ लोहनी स्थित साविक एकम्बा ९/घ कि.नं. ६९ को ज.वि. ०-८-० जग्गामा बृहत खानेपानी तथा सरसफाई आयोजना इटहरी १४/१५, सुनसरीले भौतिक संरचना निर्माणका लागि वडा कार्यालयबाट समेत सिफारीस भई आएको हुँदा उक्त जग्गा बृहत खानेपानी तथा सरसफाई आयोजना इटहरी १४/१५, सुनसरीलाई जग्गा भोगाधिकार गर्न अनुमति प्रदान गर्न प्रदेश तथा संघीय सरकार समक्ष सिफारीस गर्ने निर्णय गरियो ।

नि.प्रमुख प्रशासकीय अधिकृत